# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, माघ २९ गते २०६३ साल (संख्या ४१

## भाग ३

नेपाल सरकार
गृह मन्त्रालयको
सूचना

प्रहरी (एघारौं संशोधन) नियमावली, २०६३

प्रहरी नियमावली, २०४९ लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "प्रहरी (एघारौं संशोधन) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली संवत् २०६३ साल मार्ग १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२ प्रहरी नियमावली, २०४९ को नियम २ मा संशोधन: प्रहरी नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को ,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) "कार्यकारी निर्देशक" भन्नाले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको प्रमुख सम्झनु पर्छ ।"

(२) खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२) र (ख३) थपिएका छन् :-

"(ख१) "प्रहरी आयुक्त" भन्नाले महानगरीय प्रहरी कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ख२) "प्रहरी सह-आयुक्त" भन्नाले महानगरीय प्रहरी परिसरको प्रमुख सम्झनु पर्छ ।

(ख३) "समादेशक" भन्नाले महानगरीय प्रहरी शिक्षालय तथा क्षेत्रीय प्रहरी तालिम केन्द्रको प्रमुख सम्झनु पर्छ ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधन: मूल नियमावलीको नियम ३ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ:-

"(च) महानगरीय प्रहरी "

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को उपनियम (२) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन् :-

| | |
|---|---|
| " (क) विशिष्ट श्रेणी | -प्रहरी महानिरीक्षक |
| | -प्रहरी अतिरिक्त महानिरीक्षक |
| | -कार्यकारी निर्देशक ( प्रहरी अतिरिक्त महानिरीक्षक ) |
| (ख) प्रथम श्रेणी | -प्रहरी आयुक्त ( प्रहरी नायव महानिरीक्षक ) |
| | -प्रहरी नायव महानिरीक्षक |
| | -कार्यकारी निर्देशक ( प्रहरी नायव महानिरीक्षक ) |
| | -प्रहरी सह-आयुक्त ( प्रहरी वरिष्ठ उपरीक्षक ) |
| | -प्रहरी वरिष्ठ उपरीक्षक |
| (ग) द्वितीय श्रेणी | -प्रहरी उपरीक्षक |
| | -प्रहरी सह-आयुक्त ( प्रहरी उपरीक्षक ) |
| | -समादेशक ( प्रहरी उपरीक्षक ) वा प्रहरी नायव उपरीक्षक |
| | -समादेशक ( प्रहरी नायव उपरीक्षक ) " |

५. मूल नियमावलीको नियम ५ मा संशोधन: मूल नियमावलीको नियम ५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) देहायका प्रहरी कार्यालयहरुमा देहायका कार्यालय प्रमुखहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | प्रहरी प्रधान कार्यालय | - प्रहरी महानिरीक्षक |
| (ख) | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | - कार्यकारी निर्देशक |
| (ग) | महानगरीय प्रहरी कार्यालय | - प्रहरी आयुक्त |
| (घ) | क्षेत्रीय प्रहरी कार्यालय | - प्रहरी नायव महानिरीक्षक |
| (ङ) | वीरेन्द्र प्रहरी अस्पताल | - प्रहरी नायव महानिरीक्षक वा प्रहरी वरिष्ठ उपरीक्षक |
| (च) | महानगरीय प्रहरी परिसर | - सह-आयुक्त |
| (छ) | महानगरीय प्रहरी शिक्षालय | - समादेशक |
| (ज) | सशस्त्र प्रहरी गण | - प्रहरी उपरीक्षक |
| (झ) | सशस्त्र प्रहरी तालीम केन्द्र | - प्रहरी उपरीक्षक |
| (ञ) | प्रहरी पहरा गण | - प्रहरी उपरीक्षक |
| (ट) | जिल्ला प्रहरी कार्यालय | -प्रहरी उपरीक्षक वा प्रहरी नायव उपरीक्षक |
| (ठ) | दंगा नियन्त्रण प्रहरी गण | -प्रहरी उपरीक्षक वा प्रहरी नायव उपरीक्षक |
| (ड) | महानगरीय विमानस्थल सुरक्षा प्रहरी कार्यालय | -प्रहरी उपरीक्षक |
| (ढ) | क्षेत्रीय प्रहरी अस्पताल | -प्रहरी उपरीक्षक वा प्रहरी नायव उपरीक्षक वा प्रहरी निरीक्षक |
| (ण) | क्षेत्रीय प्रहरी तालीम केन्द्र | - समादेशक |
| (त) | महानगरीय ट्राफिक प्रहरी परिसर | -प्रहरी नायव उपरीक्षक |
| (थ) | महानगरीय पर्यटक प्रहरी | -प्रहरी नायव उपरीक्षक |
| (द) | केन्द्रीय प्रहरी संगीत विद्यालय | -प्रहरी नायव उपरीक्षक |
| (ध) | नगर प्रहरी कार्यालय | -प्रहरी नायव उपरीक्षक वा प्रहरी निरीक्षक |
| (न) | महानगरीय प्रहरी वृत्त | -प्रहरी नायव उपरीक्षक |
| (प) | ट्राफिक प्रहरी कार्यालय | -प्रहरी नायव उपरीक्षक वा प्रहरी निरीक्षक वा प्रहरी नायव निरीक्षक |
| (फ) | विमानस्थल सुरक्षा गार्ड | -प्रहरी नायव उपरीक्षक वा प्रहरी निरीक्षक वा प्रहरी नायव निरीक्षक |
| (ब) | महानगरीय ट्राफिक प्रहरी वृत्त | -प्रहरी निरीक्षक |
| (भ) | महानगरीय सामुदायिक प्रहरी | -प्रहरी निरीक्षक |
| (म) | सशस्त्र प्रहरी गुल्म | -प्रहरी निरीक्षक |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(य) इलाका प्रहरी कार्यालय -प्रहरी निरीक्षक वा प्रहरी नायव निरीक्षक
(र) वडा प्रहरी कार्यालय -प्रहरी निरीक्षक वा प्रहरी नायव निरीक्षक
(ल) महानगरीय प्रहरी प्रभाग -प्रहरी निरीक्षक
(व) सशस्त्र प्रहरी सेनामुख -प्रहरी नायव निरीक्षक
(श) प्रहरी चौकी -प्रहरी सहायक निरीक्षक ।"

६. मूल नियमावलीको नियम ६ मा संशोधन: मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :-

"६. प्रहरी प्रधान कार्यालयको मातहतमा रहने : (१) नेपाल राज्यका सबै प्रहरी कार्यालयहरुले प्रहरी प्रधान कार्यालयको सामान्य नियन्त्रण तथा निर्देशनमा रही काम गर्नेछन् ।

तर, देहायका प्रहरी कार्यालयहरु प्रहरी प्रधान कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रहनेछन्:-

(क) महानगरीय प्रहरी कार्यालय
(ख) क्षेत्रीय प्रहरी कार्यालय
(ग) राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान
(घ) सशस्त्र प्रहरी गण नं. १
(ङ) लागू औषध नियन्त्रण कानून कार्यान्वयन एकाइ
(च) प्रहरी अस्पताल
(छ) केन्द्रीय स्तरका अन्य प्रहरी कार्यालय ।

७. मूल नियमावलीमा नियम ६क. थप : मूल नियमावलीको नियम ६ पछि देहायको नियम ६क. थपिएको छ :-

" ६क. महानगरीय प्रहरी कार्यालय मातहतमा रहने : देहाय बमोजिमका प्रहरी कार्यालयहरु महानगरीय प्रहरी कार्यालय मातहत रहने छन् :-

(क) महानगरीय प्रहरी परिसर,
(ख) महानगरीय प्रहरी शिक्षालय,
(ग) सशस्त्र प्रहरी गण,
(घ) महानगरीय बिमानस्थल सुरक्षा प्रहरी कार्यालय,
(ङ) महानगरीय ट्राफिक प्रहरी परिसर,
(च) महानगरीय पर्यटक प्रहरी,
(छ) महानगरीय प्रहरी वृत्त,
(ज) महानगरीय ट्राफिक प्रहरी वृत्त,
(झ) महानगरीय सामुदायिक प्रहरी,
(ञ) सशस्त्र प्रहरी गुल्म,
(ट) महानगरीय प्रहरी प्रभाग । "

८. मूल नियमावलीको नियम ७ मा संशोधन: मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ :-

"७. क्षेत्रीय प्रहरी कार्यालयको मातहतमा रहने: प्रधान कार्यालय र सो कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रहने कार्यालय बाहेक क्षेत्रभरिका सबै प्रहरी कार्यालयहरुले सम्बन्धित क्षेत्रीय प्रहरी कार्यालयको सामान्य नियन्त्रण तथा निर्देशनमा रही काम गर्नेछन् ।

तर, देहायका प्रहरी कार्यालयहरु क्षेत्रीय प्रहरी कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रहनेछन्:-

(क) सशस्त्र प्रहरी गण
(ख) प्रहरी पहरा गण,
(ग) जिल्ला प्रहरी कार्यालय,
(घ) दंगा नियन्त्रण प्रहरी गण,
(ङ) क्षेत्रीय प्रहरी तालिम केन्द्र,
(च) ट्राफिक प्रहरी कार्यालय,
(छ) क्षेत्रीय स्तरका अन्य प्रहरी कार्यालय ।"



२८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मूल नियमावलीको नियम ३२ मा संशोधनः मूल नियमावलीको नियम ३२ को,-

(१) खण्ड (झ) को शुरुमा रहेको "सबै" भन्ने शब्द पछि "प्रहरी अतिरिक्त महानिरीक्षक र " भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ट) को शुरुमा "महानगरीय प्रहरी प्रमुख र" भन्ने शब्दहरु थपिएका छन् ।

१०. मूल नियमावलीमा नियम ३२क. थपः मूल नियमावलीको नियम ३२ पछि देहायको नियम ३२क.थपिएको छ :-

"३२क. महानगरीय प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य : महानगरीय प्रहरी कार्यालय प्रमुखको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) महानगरीय प्रहरी मातहतका कर्मचारीको काम कारवाहीको रेखदेख तथा नियन्त्रण र सञ्चालन गर्ने,

(ख) मातहतका प्रहरी कार्यालयहरुको निरीक्षण तथा सुपरीवेक्षण, रेखदेख तथा नियन्त्रण गर्ने,

(ग) महानगरीय प्रहरी कार्यालय र सो मातहतका कार्यालयको कर्मचारीको सरुवा गर्ने,

(घ) महानगरीय प्रहरी कार्यालय वा सो मातहतमा रहेको प्रहरी कर्मचारीलाई अन्य कुनै प्रहरी कार्यालयमा वा सो मातहतको कार्यालयको कुनै कार्यालयमा सरुवा गर्नु पर्दा आवश्यक सिफारिस गर्ने,

(ङ) महानगरीय प्रहरीको ईलाकाभित्रका प्रहरी एकाइहरुलाई अन्य ठाउँमा स्थानान्तर गर्नु परेमा प्रहरी प्रधान कार्यालयमा सिफारिस गर्ने,

(च) महानगरीय प्रहरी इलाकाभित्र सवारी साधनको प्रभावकारी आगमनको व्यवस्था मिलाउने,

(छ) प्रमुख जिल्ला अधिकारी तथा महानगरीय प्रहरी परिसरका प्रमुखसँग निकटतम सम्पर्क राखी काम कारबाहीमा समन्वय कायम गर्ने,

(ज) ज्यान सम्बन्धी, जीउ मास्ने बेच्ने, लागु औषध, डकैती, लुटपिट, विषको प्रयोग, ठूल्ठूला हुलदङ्गा र सरकार विरुद्ध रचिएका षड्यन्त्र जस्ता गहन प्रकृतिका मुद्दाहरुको प्रतिवेदन यथाशिघ्र प्रहरी महानिरीक्षक समक्ष पठाउने,

(झ) नेपाल राज्यको संविधान विरुद्धको काम कारवाही, अवैध गतिविधि र अन्य असाधारण अवस्थाको सामना गर्न तथा प्रहरी र जनताबीच सु-सम्बन्ध कायम राख्ने सम्बन्धमा आफ्नो इलाकाभित्र उठाइएका कदमसँग सम्बन्धित मासिक प्रतिवेदन प्रहरी महानिरीक्षक समक्ष पठाउने,

(ञ) प्राकृतिक प्रकोप परेको अवस्थामा उद्धारका लागि तदारुकताका साथ संलग्न हुने, हुन लगाउने,

(ट) नेपाल सरकार तथा प्रहरी प्रधान कार्यालयले दिएको निर्देशन पालन गर्ने गराउने ।"

११. मूल नियमावलीमा नियम ३५क. थप : मूल नियमावलीको नियम ३५ पछि देहायको नियम ३५क.थपिएको छ :-

"३५क. महानगरीय प्रहरी परिसर कार्यालय प्रमुखको काम र कर्तव्यः महानगरीय प्रहरी परिसर कार्यालय प्रमुखको काम र कर्तव्य देहायबमोजिम हुनेछः-

(क) नियम ३५ को खण्ड (क),(ख),(च),(ज),(ञ),(ण),(द),(ध),(प),(फ),(ब) र (म) मा उल्लिखित काम गर्ने,



६६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रमुख जिल्ला अधिकारीबाट वर्षको कम्तीमा एकपटक निरीक्षण गराउने व्यवस्था मिलाउने र आफूले पनि हरेक महानगरीय प्रहरी वृत्त र प्रभागको वर्षको कम्तीमा तीनपटक निरीक्षण गर्ने,

(ग) आफ्नो क्षेत्रभित्र भएका अपराध र अन्य असाधारण गतिविधिको प्रतिवेदन सम्बन्धित निकायलाई दिने,

(घ) सरुवा वा बढुवा भई जिल्ला छोड्नु पर्दा निम्नलिखित कुराहरु सहितको प्रतिवेदन तयार गर्ने:-

(१) जिल्लाको अपराध सम्बन्धी अवस्था,

(२) जिल्लाको शान्ति सुरक्षाको अवस्था,

(३) जिल्लाको आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरुको नामावली,

(४) आफ्नो क्षेत्रसँग सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसँगको सम्बन्ध,

(५) महानगरीय प्रहरी कार्यालय वा मातहतको प्रहरी सहायक निरीक्षक, प्रहरी नायव निरीक्षक, प्रहरी निरीक्षक र प्रहरी नायव उपरीक्षकको क्षमता र नैतिक आचरण,

(६) जिल्लाका महत्वपूर्ण प्रहरी एकाइको विवरण ।

(ङ) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा उल्लिखित मुद्दासँग सम्बन्धित अपराधको अनुसन्धान तथा तहकिकात गर्न आवश्यक परेमा अरु इलाकाको प्रहरी वृत्त र प्रहरी प्रभाग कार्यालयले गर्ने काम समेत आफैले गर्ने र कुनै विशेष कारण परी आफूले अनुसन्धान तथा तहकिकात गर्न नभ्याउने भएमा सोको कारण खोली सो कार्य गर्न प्रहरी नायव उपरीक्षक वा प्रहरी निरीक्षक वा प्रहरी नायव निरीक्षक वा प्रहरी वृत्त वा प्रहरी प्रभागका प्रहरी प्रमुखलाई खटाउने । आफै उपस्थित हुन सक्ने अवस्था हुनासाथ आफै उपस्थित भई अनुसन्धान र तहकिकात सम्बन्धी काम कारबाही ठीकसँग भए नभएको जाँची बाँकी काम कारबाही गर्ने, गर्न लगाउने,

(च) महानगरीय प्रहरी प्रभागको निरीक्षण गर्ने र कानून बमोजिम काम भए नभएको जाँची कुनै काम सम्पन्न गर्न समय थप गर्न आवश्यक देखिएमा आवश्यक समय थप गर्न र काममा कुनै त्रुटी देखिएमा सो समेत उल्लेख गरी निरीक्षण किताबमा हस्ताक्षर गर्ने,

(छ) आफ्नो कार्यालयबाट अनुसन्धान तथा तहकिकात भएका मुद्दाहरुको विवरण सम्बन्धी अभिलेख राख्ने, राख्न लगाउने,

(ज) अति विशिष्ट तथा विशिष्ट व्यक्तिको सवारीमा सुरक्षाको आवश्यक प्रबन्ध गर्ने, गर्न लगाउने,

(झ) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा उल्लिखित मुद्दा सम्बन्धी उजुरी परेको वा आफैले थाहा पाएकोमा अभियुक्त पक्राउ परेको भए सो समेतको प्रतिवेदन सोही दिन र सो दिन नभ्याए सोको भोलिपल्ट आफ्नो माथिल्लो कार्यालयमा पेश गरी सोको जानकारी प्रहरी महानिरीक्षक समक्ष पठाउने,

(ञ) नेपाल सरकार तथा आफू भन्दा माथिल्लो निकायले दिएको निर्देशन पालन गर्ने, गराउने ।"

१२. मूल नियमावलीमा नियम ३६क. र ३६ख. थप : मूल नियमावलीको नियम ३६ पछि देहायका नियम ३६क. र ३६ख. थपिएका छन् :-

"३६क. महानगरीय प्रहरी बृत्त कार्यालय प्रमुखको काम र कर्तव्य: महानगरीय प्रहरी बृत्त कार्यालय प्रमुखको काम र कर्तव्य देहाय बमोजिम हुनेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नियम ३६ को खण्ड (क),(ख),(ग),(घ),(ङ) र (च) बमोजिमको काम गर्ने,

(ख) अदालत वा अन्य कार्यालय सम्बन्धी कामको सिलसिलामा प्रहरीले गर्नु पर्ने काम तुरुन्त गर्ने, गर्न लगाउने,

(ग) आफ्नो इलाकासँग जोडिएको अर्को प्रहरी कार्यालयको प्रमुखसँग समन्वय गरी अपराध नियन्त्रणको सम्बन्धमा सरसल्लाह गर्ने,

(घ) आफ्नो इलाका भित्रको शान्ति सुरक्षा कायम राख्ने कार्यमा प्रमुख जिल्ला अधिकारी र माथिल्लो प्रहरी कार्यालयले दिएको आदेश तदारुकताका साथ कार्यान्वयन गरी प्रतिवेदन दिने,

(ङ) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा उल्लिखित मुद्दासँग सम्बन्धित अपराधको अनुसन्धान तथा तहकिकात गर्न आवश्यक परेमा अरु ईलाकाको प्रहरी प्रभागका प्रहरी कार्यालयले गर्ने कामसमेत आफैले गर्ने र कुनै विशेष कारण परी आफूले अनुसन्धान तथा तहकिकात गर्न नभ्याउने भएमा सोको कारण खोली सो कार्य गर्न प्रहरी निरीक्षक वा प्रहरी नायव निरीक्षक वा प्रभागका प्रहरी प्रमुखलाई खटाउने । आफै उपस्थित हुन सक्ने अवस्था हुनासाथ आफै उपस्थित भई अनुसन्धान र तहकिकात सम्बन्धी काम कारबाही ठीकसँग भए नभएको जाँची बाँकी काम कारबाही गर्ने, गर्न लगाउने,

(च) आफ्नो कार्यालयबाट अनुसन्धान तहकिकात भएका मुद्दाहरुको विवरण सम्बन्धी अभिलेख राख्ने, राख्न लगाउने,

(छ) अति विशिष्ट तथा विशिष्ट व्यक्तिको सवारीमा सुरक्षाको आवश्यक प्रबन्ध गर्ने, गर्न लगाउने,

(ज) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा उल्लिखित मुद्दा सम्बन्धी उजुरी परेको वा आफैले थाहा पाएकोमा अभियुक्त पक्राउ परेको भए सो समेतको प्रतिवेदन सोही दिन र सो दिन नभ्याएमा सोको भोलिपल्ट आफ्नो माथिल्लो कार्यालयमा पेश गरी सोको जानकारी प्रहरी महानिरीक्षक समक्ष पठाउने,

(झ) आवश्यकता अनुसार रातको गस्ती पालोपहरा आदिको समेत व्यवस्था मिलाउने,

(ञ) शान्ति सुरक्षा सम्बन्धी अन्य काम गर्ने गराउने,

(ट) नेपाल सरकार तथा आफू भन्दा माथिल्लो निकायले दिएको निर्देशन पालन गर्ने, गराउने । "

"३६ख. महानगरीय प्रहरी प्रभाग कार्यालय प्रमुखको काम र कर्तव्यः महानगरीय प्रहरी प्रभाग कार्यालय प्रमुखको काम र कर्तव्यः देहायबमोजिम हुनेछः-

(क) आफ्नो र आफ्नो कार्यालय मातहतका अन्य प्रहरी एकाइहरुसँग सम्बन्धित आवश्यक प्रशासनिक कार्यहरु गर्ने,

(ख) आफ्नो मातहतका प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकारको सम्बन्धमा आवश्यक आदेश दिने, तिनीहरुमाथि नियन्त्रण राख्ने र अनुशासन पालना गराउने,

(ग) प्रहरी कर्मचारीहरुले गर्नु पर्ने काम, कर्तव्य र अधिकार उचित तरिकाबाट पालना र प्रयोग गर्न लगाउने,

(घ) प्रहरी कर्मचारीको अभिलेख किताबहरु ठीक दुरुस्त राख्न लगाउने र समयसमयमा सामूहिक प्रतिवेदनहरु माथिल्लो कार्यालयमा पठाउने,

(ङ) आफ्नो कार्यालयमा रहेका सरकारी खजाना, मालसामान इत्यादि सुरक्षित राखी त्यसको श्रेस्ता दुरुस्त राख्ने, राख्न लगाउने,

(च) आफ्नो ईलाकाभित्र रहेका देहायको स्थान र व्यक्तिको जानकारी राख्नेः-



६५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरु जम्मा हुने ठाउँ,
(२) आपराधिक क्रियाकलापमा संलग्न व्यक्ति लुक्ने ठाउँ,
(३) अपराधमा संलग्न व्यक्तिलाई आश्रय दिने व्यक्ति,
(४) चोरीको मालसामानको व्यवसाय गर्ने व्यक्तिहरु,
(५) गैर कानूनी हातहतियार राख्ने वा बनाउने व्यक्ति,
(६) आपराधिक कार्य गर्न दुरुत्साहन गर्ने व्यक्तिहरु ।

(छ) आफ्नो ईलाकाभित्र बराबर गस्ती गरी आपराधिक गतिविधिमा संलग्न व्यक्तिमाथि निरन्तर निगरानी राख्ने, राख्न लगाउने,

(ज) जनसाधारणसँग निकट सम्पर्क राख्ने, दुष्चरित्र भएका व्यक्तिहरुको विगत गतिविधि र निजहरुमाथि राखिएको निगरानीको दुरुस्त अभिलेख राख्ने, राख्न लगाउने,

(झ) महानगरीय प्रहरी प्रभागमा उजुरी गर्न आएका व्यक्तिसँग सद्व्यवहार गर्ने,

(ञ) आफू मातहतका प्रहरी कर्मचारीले गर्नु पर्ने काम, कर्तव्य पालन गरे-नगरेको समयसमयमा जाँच्ने, जाँच्न लगाउने,

(ट) प्रहरी कर्मचारीको उर्दी पोशाक र पाएका अन्य सरकारी सरसामानहरुको हप्तामा एक पटक निरीक्षण गर्ने र त्यसमा कुनै खरावी वा हानी नोक्सानी भएमा सोको प्रतिवेदन माथिल्लो प्रहरी अधिकृतलाई दिने,

(ठ) आफ्नो कार्यालयमा रहेका हातहतियार गोलीगठ्ठा र अरु सामानहरु आफ्नो जिम्मामा सुरक्षाका साथ दुरुस्त राख्ने र शान्तिसुरक्षा र सोसँग सम्बन्धित कामको निमित्त मात्र उक्त सरसामान बाहिर लैजान दिने र प्रयोग गर्नु पर्ने नभएमा तुरुन्त भण्डार वा कोतमा सुरक्षितसाथ राख्ने, राख्न लगाउने,

(ड) आफ्नो मातहतका कुनै प्रहरी कर्मचारीलाई अनुपस्थित रहन अनुमति दिएकोमा साधारण डायरीमा सोको कारणसमेत जनाई अभिलेख राख्ने,

(ढ) साधारण डायरीमा दस्तखत गर्नाका साथै दिनभरिको कार्यको व्यवस्था मिलाई सो सम्बन्धमा आवश्यक आदेश निर्देशन दिने,

(ण) आफ्नो कार्यालयमा रहेको भण्डार हरेक दिन निरीक्षण गरी जिन्सी र नगदीको श्रेस्ता जाँच्ने,

(त) कुनै मुद्दाको अनुसन्धान तथा तहकिकात गर्न आफ्ना मातहतका प्रहरी कर्मचारीलाई खटाएकोमा त्यस्तो अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाही ठीकसँग गरिएको हो भन्ने एकिन सहितको प्रतिवेदन महानगरीय प्रहरी परिसरको कार्यालयमा पठाउने,

(थ) खर खजाना राखिएको बाकसको र थुनुवा रहेको स्थानको साँचो जिम्मा लिने,

(द) पालोमा खटाइने प्रहरी कर्मचारीहरुको आवश्यक व्यवस्थापन गर्ने,

(ध) थुनामा राख्नु पर्ने व्यक्तिलाई थुनामा राख्दा वा थुनाबाट बाहिर निकाल्दा यथासम्भव आफैले वा आफ्नो अगाडि थुनामा राख्ने वा निकाल्ने,

(न) आफ्नो मातहतका सबै प्रहरी कर्मचारीलाई समान रुपले कार्य विभाजन गरी काममा लगाउने,

(प) शान्ति सुरक्षामा प्रतिकूल असर पर्ने कार्य हुन नदिने,

(फ) आफ्नो इलाकाभित्र विदेशीको अवैध आवागमन रोक्ने,

(ब) समयसमयमा आफूलाई प्राप्त आदेश निर्देशनको पालन गर्ने,

(भ) प्राकृतिक प्रकोप परेको अवस्थामा उद्धारका लागि तदारुकताका साथ संलग्न हुने,

(म) आफ्नो काम कर्तव्य सम्बन्धी अन्य आवश्यक कार्य गर्ने । "



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७६

१३. मूल नियमावलीमा नियम ३७क.थप : मूल नियमावलीको नियम ३७ पछि देहायको नियम ३७क.थपिएको छ:-

" ३७क. महनगरीय प्रहरी व्यवस्था लागु हुने : (१) काठमाडौ, ललितपुर र भक्तपुर जिल्लामा महानगरीय प्रहरी सम्बन्धी व्यवस्था यो नियमवली प्रारम्भ हुँदाका बखत लागू भएको मानिनेछ र अन्य जिल्लामा आवश्यकता अनुसार नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी महानगरीय प्रहरी सम्बन्धी व्यवस्था लागू गर्न सक्नेछ।

(२) महानगरीय प्रहरी सम्बन्धी व्यवस्था लागु भएको जिल्लामा सो व्यवस्था लागू हुँदाका बखत कायम रहेका जिल्ला प्रहरी कार्यालयहरु तत् तत् जिल्लाका महानगरीय प्रहरी परिसरमा परिणत हुनेछन्।

(३) महानगरीय प्रहरी परिसरमा परिणत हुने जिल्लाका जिल्ला प्रहरी कार्यालयले गरेको काम कारबाही महानगरीय प्रहरी परिसरले गरेको मानिनेछ।

(४) महानगरीय प्रहरी सम्बन्धी व्यवस्था लागू हुँदाका बखत कायम रहेका वडा प्रहरी कार्यालय तथा ईलाका प्रहरी कार्यालयहरु तत् तत् जिल्लाका महानगरीय प्रहरी वृत्तमा परिणत हुनेछन्।

(५) महानगरीय प्रहरी वृत्तमा परिणत हुने वडा प्रहरी कार्यालय तथा ईलाका प्रहरी कार्यालयले गरेको काम कारबाही महानगरीय प्रहरी वृत्तले गरेको मानिनेछ।

(६) महानगरीय प्रहरी सम्बन्धी व्यवस्था लागू हुँदाका बखत कायम रहेका प्रहरी चौकीहरु तत् तत् जिल्लाका महानगरीय प्रहरी प्रभागमा परिणत हुनेछन्।

(७) महानगर्रीय प्रहरी प्रभागमा परिणत हुने प्रहरी चौकीले गरेको काम कारबाही महानगरीय प्रहरी प्रभागले गरेको मानिनेछ।

(८) महानगरीय प्रहरी व्यवस्था लागू हुँदाका बखत जिल्ला प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीबाट फछर्योट हुन बाँकी काम कारबाहीहरु क्रमश: महानगरीय प्रहरी परिसर, महानगरीय प्रहरी वृत्त र प्रहरी प्रभागमा सर्नेछन्।"

१४. मूल नियमावलीमा नियम ३९क. थप : मूल नियमावलीको नियम ३९ पछि देहायको नियम ३९क. थपिएको छ:-

"३९क. महान्यायाधिवक्ताबाट प्राप्त निर्देशनको कार्यान्वयन : प्रहरी हिरासतमा रहेको व्यक्तिलाई नेपालको अन्तरिम संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको सम्बन्धमा महान्यायाधिवक्ताबाट प्राप्त निर्देशन कार्यान्वयन गर्नु गराउनु सम्बन्धित प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।"

१५. मूल नियमावलीको नियम ४१ मा संशोधन: मूल नियमावलीको नियम ४१ मा रहेका "जिल्ला प्रहरी कार्यालय" भन्ने शब्दहरु पछि "वा महानगरीय प्रहरी परिसर" भन्ने शब्दहरु थपिएका छन्।

१६. मूल नियमावलीको नियम ४२ मा संशोधन: मूल नियमावलीको नियम ४२ मा रहेका "जिल्ला प्रहरी कार्यालय" भन्ने शब्दहरु पछि "वा महानगरीय प्रहरी परिसर" भन्ने शब्दहरु थपिएका छन्।

१७. मूल नियमावलीको नियम ४३ मा संशोधन: मूल नियमावलीको नियम ४३ मा रहेका "जिल्ला प्रहरी कार्यालय" भन्ने शब्दहरु पछि "वा महानगरीय प्रहरी परिसर" भन्ने शब्दहरु थपिएका छन्।



४६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. मूल नियमावलीको नियम ४४ मा संशोधन: मूल नियमावलीको नियम ४४ को सट्टा देहायको नियम ४४ राखिएको छ:-

"४४. प्रमुख जिल्ला अधिकारीबाट निरीक्षण : (१) प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रहरी कार्यालय, महानगरीय प्रहरी परिसर, ईलाका प्रहरी कार्यालय, प्रहरी वृत्त र प्रहरी प्रभागको वर्षको कम्तीमा एकपटक निरीक्षण गर्नु गराउनु पर्नेछ ।

(२) जिल्ला प्रहरी कार्यालय तथा महानगरीय प्रहरी परिसरको प्रमुखले आफ्नो मातहतका प्रहरी कार्यालयहरुको निरीक्षण गरे-नगरेको तथा प्रत्येक ईलाका प्रहरी कार्यालय, प्रहरी वृत्त, प्रहरी प्रभाग र प्रहरी चौकीमा रहेको डायरी र प्रहरी सम्बन्धी गोप्य प्रतिवेदन सहित अन्य अपराधसम्बन्धी सारांश प्रतिवेदन हेरी प्रमुख जिल्ला अधिकारीले आफ्नो प्रतिकृया सहितको सूचना तुरुन्त जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखलाई दिनु पर्नेछ । "

१९. मूल नियमावलीको नियम ४५ मा संशोधन : मूल नियमावलीको नियम ४५ मा रहेका " जिल्ला प्रहरी कार्यालय" भन्ने शब्दहरु पछि "वा महानगरीय प्रहरी परिसर" भन्ने शब्दहरु र सोही नियममा रहेका "जिल्ला प्रहरी कार्यालय प्रमुख" भन्ने शब्दहरु पछि "वा महानगरीय प्रहरी परिसर प्रमुख" भन्ने शब्दहरु थपिएका छन् ।

२०. मूल नियमावलीको नियम ४७ मा संशोधन : मूल नियमावलीको नियम ४७ मा रहेका "कार्यालय प्रमुखको" भन्ने शब्दहरु पछि " र महानगरीय प्रहरी प्रमुखले महानगरीय प्रहरी परिसर प्रमुखको" भन्ने शब्दहरु थपिएका छन्

२१. मूल नियमावलीको नियम ४८ मा संशोधन : मूल नियमावलीको नियम ४८ मा रहेका " जिल्ला प्रहरी कार्यालयको प्रमुखलाई" भन्ने शब्दहरुको सट्टा " जिल्ला प्रहरी कार्यालय प्रमुख वा महानगरीय प्रहरी परिसर प्रमुखलाई" भन्ने शब्दहरु राखिएका छन् ।

२२. मूल नियमावलीको नियम ५६ मा संशोधन : मूल नियमावलीको नियम ५६ को उपनियम (१) को अन्तमा देहायको वाक्यांश थपिएको छ:-

" यस्तो विदा प्रहरी महिला कर्मचारीको पतिले क्रिया बस्नु परेमा त्यस्तो महिला कर्मचारीलाई पनि दिइनेछ । "

२३. मूल नियमावलीको नियम ९३ मा संशोधन :- मूल नियमावलीको नियम ९३ को प्रकरण (६) को खण्ड (ग) को दोस्रो महलको खण्ड (ग) मा रहेका "श्री ५ को सरकार" भन्ने शब्दहरुको सट्टा "सचिव, गृह मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

२४. मूल नियमावलीमा नियम ९३ख. थप : मूल नियमावलीको नियम ९३क. पछि देहायको नियम ९३ख. थपिएको छ:-

"९३ख. समान दर्जाका कर्मचारीबाट कारबाही गरिने : विभिन्न प्रहरी कार्यालय र ईकाइहरुमा यस नियममा लेखिएका नामका पदहरु नरही अन्य नामबाट सम्बोधित पदहरु रहेछन् भने त्यस्ता कार्यालय वा ईकाइमा कार्यरत प्रहरी कर्मचारीलाई विभागीय कारवाही गर्दा कारबाही गर्ने कर्मचारीको पदनाम फरक परे तापनि त्यस्तो प्रहरी कर्मचारीले समान दर्जाका अन्य प्रहरी कर्मचारीले प्रयोग गरेको विभागीय कारबाही सम्बन्धी अधिकार प्रयोग गर्न सक्नेछ । "

२५. मूल नियमावलीको नियम ११६ मा संशोधन: मूल नियमावलीको नियम ११६ को सट्टा देहायको नियम ११६ राखिएको छ:-

"११६. अवकाश पाउने कर्मचारीले पाउने तलव र राशनः प्रहरी कर्मचारी राजीनामा दिई वा अनिवार्य अवकाश पाई सेवानिवृत्त भएमा सोको सूचना पाएको मितिसम्म निजले खाइपाइ आएको तलव, भत्ता, राशन र अन्य सुविधासमेत पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर कार्यालयमा गैरहाजिर रही विभागीय कारबाही शुरु गरिएका वा कारबाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलव, भत्ता र राशन पाउने छैन ।"

२६. रुपान्तरण: मूल नियमावलीको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुलाई देहाय बमोजिम रुपान्तर गरिएको छ :-

(क) " श्री ५ को संरकार " को सट्टा " नेपाल सरकार",
(ख) "दैवी प्रकोप " को सट्टा "प्राकृतिक प्रकोप",
(ग) " नेपाल अधिराज्यको संविधान " को सट्टा " नेपालको अन्तरिम संविधान" ।

आज्ञाले,
उमेशप्रसाद मैनाली
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

३८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

भौतिक योजना तथा निर्माण मन्त्रालयको

सूचना

खण्ड ५४, संख्या ३९, मिति २०६१।१०।४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा उल्लिखित इन्जिनियरिङ्ग विषयको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको अतिरिक्त नेपाल इन्जिनियरिङ्ग परिषद्ले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा २१ को उपदफा (१) बमोजिम देहायका शिक्षण संस्थाहरुले प्रदान गरेका इन्जिनियरिङ्ग विषयको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिलाई मान्यता प्रदान गर्ने निर्णय गरेकोले सोही ऐनको दफा २१ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. भारत

| शिक्षण संस्थाको नाम | शैक्षिक योग्यताको प्रमाणपत्र/उपाधि | संकाय |
|---|---|---|
| बिशेश्वरैयाह टेक्नोलोजिकल युनिभर्सिटी , बेलगाउँ | बि.ई.,बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि.आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | सबै इन्जिनियरिङ्ग संकायहरु |
| इन्डियन इन्स्टिच्यूट अफ टेक्नोलोजी, रुडकी | ” ” | ” ” |
| मोतिलाल नेहरु नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, इलाहाबाद | ” ” | ” ” |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, सिल्चर | ” ” | ” ” |
| बिशेश्वरैयाह नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, नागपुर | ” ” | ” ” |
| मालविया नेशनल इन्स्टिच्युट अफ टेकनोलोजी, जयपुर | ” ” | ” ” |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, राउरकेला | ” ” | ” ” |
| सरदार बल्लवभाई नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, सुरत | ” ” | ” ” |
| राजिव गान्धी प्रोद्योगिकी विश्वविद्यालय , भोपाल | ” ” | इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन् , कम्प्युटर , सिभिल |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, दुर्गापुर | ” ” | सबै इन्जिनियरिङ्ग संकायहरु |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, बराङ्गल | ” ” | ” ” |
| दीनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालय, गोरखपुर | ” ” | मेकानिकल |
| गुरु गोबिन्द सिंह इन्द्रप्रस्थ युनिभर्सिटी, दिल्ली | ” ” | आर्किटेक्चर |
| आन्ध्र युनिभर्सिटी | ” ” | सिभिल |
| कालिङ्गा इन्स्टिच्युट अफ इण्डस्ट्रियल टेक्नोलोजी | ” ” | सबै इन्जिनियरिङ्ग संकायहरु |
| महर्षि दयानन्द युनिभर्सिटी, रोहटक | ” ” | इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन् , |
| युनिभर्सिटी अफ मुम्बई | ” ” | सबै इन्जिनियरिङ्ग संकायहरु |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| मणिपाल एकेडेमी अफ हाईयर एजुकेशन | बि.ई.,बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि.आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | सबै इन्जिनियरिङ्ग संकायहरु |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, सुरतकल | " " | " " |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, जमशेदपुर | " " | " " |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, कुरुक्षेत्र | " " | " " |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, क्यालिकट | " " | " " |
| मौलाना आजाद नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, भोपाल | " " | " " |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, तिरुचिरापल्ली | " " | " " |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, हमिरपुर | " " | " " |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, श्रीनगर | " " | " " |
| नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, जालन्धर | " " | " " |

२. जन गणतन्त्र चिन

| शिक्षण संस्थाको नाम | शैक्षिक योग्यताको प्रमाणपत्र/उपाधि | संकाय |
|---|---|---|
| सियान जियाओतोङ्ग युनिभर्सिटी | बि.ई.,बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि.आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | सिभिल |
| हर्बिन इन्स्टिच्युट अफ टेक्नोलोजी | " " | इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन् |

३. रुसी महासंघ.

| शिक्षण संस्थाको नाम | शैक्षिक योग्यताको प्रमाणपत्र/उपाधि | संकाय |
|---|---|---|
| मस्को अफ द लेवर ब्यानर रेड अर्डर माइनिङ्ग इन्स्टिच्युट | बि.ई.,बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि.आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | माइनिङ्ग |
| बेलारसियन इन्स्टिच्यूट अफ मेकनाइजेशन अफ एग्रीकल्चर | " " | मेकानिकल |

९९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

४. अष्ट्रेलिया

| शिक्षण संस्थाको नाम | शैक्षिक योग्यताको प्रमाणपत्र/उपाधि | संकाय |
|---|---|---|
| द फ्लीन्डरस् युनिभर्सिटी अफ साउथ अष्ट्रेलिया | बि.ई. बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि. आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | कम्प्युटर |
| युनिभर्सिटी अफ तासमानिया | " " | सिभिल |
| युनिभर्सिटी अफ साउथ अष्ट्रेलिया | " " | इन्फरमेशन टेक्नोलोजी एण्ड कम्युनिकेशन् |

५. फिलिपिन्स

| शिक्षण संस्थाको नाम | शैक्षिक योग्यताको प्रमाणपत्र/उपाधि | संकाय |
|---|---|---|
| युनिभर्सिटी अफ फिलिपिन्स, लस वानस | बि.ई. बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | सिभिल |

६. बंगलादेश

| शिक्षण संस्थाको नाम | शैक्षिक योग्यताको प्रमाणपत्र/उपाधि | संकाय |
|---|---|---|
| राजशाही युनिभर्सिटी अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी | बि.ई. बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स |
| युनिभर्सिटी अफ ढाका | " " | टेक्सटायल |
| शाहजलाल युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजी,सिल्हेट | " " | कम्प्युटर, सिभिल |
| चिटगाँग युनिभर्सिटी अफ इन्जिनियरिङ् एण्ड टेक्नोलोजी | " " | सबै इन्जिनियरिङ्ग संकाय |

७. पाकिस्तान

| शिक्षण संस्थाको नाम | शैक्षिक योग्यताको प्रमाणपत्र/उपाधि | संकाय |
|---|---|---|
| कैद-ए-अवाम युनिभर्सिटी अफ इन्जिनियरिङ साइन्स एण्ड टेक्नोलोजी, नवाबशाह, सिन्ध पाकिस्तान | बि.ई. बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि.आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | सबै इन्जिनियरिङ्ग संकाय |

300



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. म्यानमार

| शिक्षण संस्थाको नाम | शैक्षिक योग्यताको प्रमाणपत्र/उपाधि | संकाय |
|---|---|---|
| रंगुन इन्स्टिच्युट अफ टेक्नोलोजी | बि.ई.,बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि.आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | सिभिल |

९. स्लोभेनीया

| शिक्षण संस्थाको नाम | शैक्षिक योग्यताको प्रमाणपत्र/उपाधि | संकाय |
|---|---|---|
| युनिभर्सिटी अफ मोरीबोट, स्लोभेनीया | बि.ई.,बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि.आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | सिभिल |

१०. थाईल्याण्ड

| शिक्षण संस्थाको नाम | शैक्षिक योग्यताको प्रमाणपत्र/उपाधि | संकाय |
|---|---|---|
| एजम्पसन् युनिभर्सिटी, ब्याङ्कक | बि.ई.,बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि.आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | इलेक्ट्रोनिक्स, इन्फरमेशन टेक्नोलोजी एण्ड टेलिकम्युनिकेशन |

११. इराक

| शिक्षण संस्थाको नाम | शैक्षिक योग्यताको प्रमाणपत्र/उपाधि | संकाय |
|---|---|---|
| युनिभर्सिटी अफ बगदाद | बि.ई.,बि.टेक, बि. एस्सी. इन्जि., एम.टेक, इन्जि., एम.एस्सी. इन्जि., बि.आर्किटेक्ट, एम. आर्किटेक्ट, पि.एच.डी., एग्रिकल्चर इन्जिनियरिङ्ग | मेकानिकल |

आज्ञाले,
नारायणप्रसाद सिलवाल
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

१०२६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ५

नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको

सूचना

नेपाल सरकारले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २८ख. ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको नियम २८क. बमोजिम महिला, बालबालिका वा असहाय वा दैवी प्रकोप वा प्राकृतिक विपत्तिमा परेका व्यक्ति वा सामाजिक संघ, संस्था तथा शैक्षिक कार्यक्रमलाई सहयोग पुऱ्याउने कामको लागि कुनै चलचित्र दस्तुर नलिई प्रदर्शन गर्न स्वीकृति दिने अधिकार चलचित्र विकास बोर्डलाई प्रत्यायोजन गरेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
नारायणप्रसाद रेग्मी
नेपाल सरकारको निमित्त सचिव

नेपाल सरकार

## अर्थ मन्त्रालयको

**सूचना १**

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी B.P Koirala Memorial Cancer Hospital, Bharatpur, Chitwan को लागि Varian Medical System, Hongkong बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २,५०,०००.०० (दुईलाख पचासहजार) मूल्य बराबरको Spares Parts for Medical Equipment, Brachytheropy, 1 Set तथा उक्त अस्पतालले अमेरिकी डलर १०,७३२.०१ (दशहजार सातसय बत्तीस सेन्ट एक) मूल्य बराबरको CT Scane को Spare Parts रेडियो डाग्नोसिस मेडिकल उपकरणहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरि बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्संग आवद्ध जनचेतना अभिवृद्धि र विकास अध्ययन समिति, लमजुङ्गद्धारा सञ्चालित आधारभूत कम्प्युटर तथा सूचना प्रविधि परियोजनाका लागि World Computer Exchange, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ३१,१५०.०० ( एकतीसहजार एकसय पचास) मूल्य बराबरको ४५० सेट कम्प्युटरहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरि बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सोलुखुम्बु जिल्ला, चौरीखर्क गा.वि.स. लुक्ला स्थित पासाङ्ग ल्हामु निकोल निक्की अस्पतालको लागि Swiss Red Cross बाट उपहार स्वरुप प्रदान गरिने स्वीस फ्रेङ्क ३१३५.०० ( तीनजार एकसय पैंत्तीस ) मूल्य बराबरको स्वास्थ्य सामग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरि बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल ह्याचरी उद्योग संघले विदेशबाट माउजातीको कुखुराको चल्ला आयात गर्दा मरेका चल्लाहरुमा स्थानीय विकास शुल्क छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।